# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९ को

## मिटर ब्याज पीडितहरुलाइ निवेदन अन्तिम पटक सात ७ दिन म्यादथप गरिएको जरुरी सूचना

अनुचित लेनदेन (मिटर ब्याज) बाट पीडितहरुको छानविनको लागि पीडितहरुको निवेदन दिन सात दिन म्याद थप गरिएको छ । पीडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सीधै यस आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सकिने छ । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सोही कक्षमा निवेदन फारम निशुल्क उपलब्ध हुँदै आएको छ । निवेदन फारम जिल्ला प्रशासन कार्यालयको कर्मचारीले नै भराइ दिने प्रवन्ध समेत गरिएको छ ।

निवेदन २०८० जेठ ८ गते देखि १४ गतेसम्म अन्तिम पटक थपिएको ७ दिन भित्र दिनु हुन सबै पीडितहरुमा अनुरोध छ ।
सबै जिल्ला प्रशासन कार्यालयहरुले पनि साविकझै आगामी जेठ १ गते देखि ७ गतेसम्म पीडितहरुलाइ निवेदन फाराम भराउने र कम्प्युटरमा चढाउने काम गर्नु गराउनु हुन अनुरोध छ ।

निवेदकबाट भराइने फारामको अनलाइनको लिंक यस प्रकार छ

७ सात दिन म्याद थप गरिएको छ। अब यही जेठ १४ गतेसम्म छुटेका पीडितहरुले निवेदन दिनु हुन अनुरोध छ ।

सो थपिएको अवधि अर्थात यही जेठ १४ गते भित्र आआफ्नो जिल्ला प्रशासन कार्यालयमा वा गुगल लिंकबाट पनि सीधै निवेदन दिनु हुन सवै पीडितहरुलाइ अनुरोध गर्नेसमेत निर्णय गरियो ।

अझै केही जिल्ला प्रशासन कार्यालयहरुमा पीडित सहायता कक्ष सन्चालन नभएको र केहीमा निवेदन फाराम भराउने र कम्प्युटरमा इन्ट्री गराउने काममा शिथिलता देखिन आयो । नेपाल सरकार गृह मन्त्रालयबाट सवै प्रजिअहरुलाइ निर्देशन हुँदा पनि केहीले अनुचित लेनदेन पीडितको निवेदन भराइ दिने तर्फ उदाशीन भएको पाइएको छ । यो राज्यको कार्य सम्पन्न गराउनु हुन सवै प्रजिअहरुको ध्यानाकर्षण गराइएको छ ।

[redacted]

गौरीबहादुर कार्की

अध्यक्ष